मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार २९ गते मंगलवार (Tuesday, July 13. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–



सूचना

1) One Dream- One Theme Corruption Free Society Our Common Responsibility.

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# सर्वोच्चद्वारा प्रतिनिधिसभा पुनर्स्थापना

## ■ देउवालाई प्रधानमन्त्री बनाउन परमादेश ■ विपक्षीले गरे स्वागत, सत्ता पक्षको विरोध

**झापा, असार २८।** सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्ने राष्ट्रपतिको निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदिएको छ। सर्वोच्चले मंगलबार साँझ ५ बजेसम्ममा प्रधानमन्त्रीमा शेरबहादुर देउवालाई नियुक्त गर्न परमादेश पनि दिएको छ।

पाँच सदस्यीय संवैधानिक इजलासले सोमबार दिउँसो यस्तो आदेश जारी गरेको हो। सर्वोच्चको यो आदेशसँगै प्रतिनिधिसभा पुनर्स्थापित भएको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरासहित न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र आनन्दमोहन भट्टराईको इजलासले निवेदकको माग बमोजिम कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउन परमादेश समेत जारी गरेको हो।

'एकमतले निर्णय भएको छ। माग बमोजिम आदेश जारी गरका छौं'- आदेश सुनाउँदै प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराले भने। अदालतले उक्त मुद्दामा सोमबार संक्षिप्त आदेश जारी गरेको हो। विघटनबारे मन्त्रिपरिषद्ले गरेको सिफारिस, निर्णयका सूचना र विज्ञप्तिसमेत उत्प्रेषणको आदेशले बदर हुने अदालतले जनाएको छ। 'परिणामतः प्रतिनिधिसभा पुनःस्थापना अधिवेशन ७ दिनभित्र अर्थात् २०७८ साउन ३ गते आइतबार अपरान्ह ५ बजेभित्र प्रारम्भ हुने गरी तत्काल व्यवस्था मिलाउनु भनी परमादेश जारी हुने ठहर्छ'- आदेशमा भनिएको छ- 'ओलीले ७६को उपधारा ५ बमोजिम प्रधानमन्त्रीमा गरेको दाबी संविधानसम्मत देखिएन।'

फैसलाको पूर्णपाठ तयार भइसकेको न्यायाधीश ईश्वर खतिवडाले बताए। प्रतिनिधिसभा पुनःस्थापनाको माग राख्दै कांग्रेस सभापति शेरबहादुर देउवासँगै १४६ सांसदलगायतले सर्वोच्च अदालतमा रिट दर्ता गराएका थिए। उनीहरू देउवालाई प्रधानमन्त्री बनाउन माग राखी संयुक्त हस्ताक्षरसहित अदालत गएका थिए।

यसैबीच नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सर्वोच्च अदालतको फैसला ऐतिहासिक भएको बताएका छन्। अदालतले आफूलाई प्रधानमन्त्री बनाएको भन्दा पनि संविधान विपरीत गरिएको कदमलाई सच्याएको उनले बताए।

त्यस्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वोच्च अदालतको फैसलाले आम नेपाली जनताको जीत भएको बताएका छन्। फैसलालाई 'इतिहासकै एउटा महत्वपूर्ण परिघटना' बताउँदै प्रचण्डले नेपाल र नेपाली जनताको जीत भएको बताए। प्रचण्डले सर्वोच्च अदालत, प्रधानन्यायाधीश तथा अन्य न्यायाधीशहरुलाई पनि बधाई र धन्यवाद दिएका छन्। पटक-पटकको संसद विघटन र संविधानमाथि भएको प्रहारबाट आम नेपाली जनता आजित भएको स्थिति रहेको बताउँदै उनले अदालतको आदेशलाई इतिहासले सम्मान गरिराख्ने उल्लेख गरे।

नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले सर्वोच्च अदालतको फैसलाले संविधान, संसद् र लोकतन्त्र बचाएको बताएका छन्। 'सर्वोच्च अदालतको फैसलाबाट संसद् मात्रै व्यूँतिएको छैन, संविधान र लोकतन्त्रलाई पनि जीवित राखेको छ'- नेता नेपालले भने। यसपटक अदालतले आफ्नो गरिमा बढाएको उनले बताए।

यता नेकपा एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने सर्वोच्च अदालतको फैसला गलत भए पनि स्वीकार गर्ने बताएका छन्। नेकपा एमाले संविधान, लोकतान्त्रिक मूल्य र मान्यता मान्ने शक्ति भएकाले अदालतको फैसला मान्ने नेम्वाङले बताए। उनले संविधान, लोकतान्त्रिक मूल्य र मान्यता बमोजिम निरन्तर संघर्षमा जाने पनि बताए।

यस्तै नेकपा एमालेका विद्यार्थी नेता तथा कार्यकर्ताहरुले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध नारावाजी गरेका छन्। युवा नेता महेश बस्नेतको नेतृत्वमा माइतीघर मण्डलामा भेला भएका नेता, कार्यकर्ताले 'चोलेन्द्र शमशेर राणा मुर्दावाद' को नारा लगाएपछि प्रहरीसँग तनाव सिर्जना भएको थियो। उनीहरुले राणाको पुत्ला जलाउने प्रयास समेत गरेका थिए। ओली समर्थकहरुले देशका विभिन्न स्थानमा प्रदर्शन गरेका छन्।

## छ पटक विघटन, चार पटक पुनर्स्थापना



**काठमाडौं, असार २८।** नेपालको संसदीय इतिहासमा हालसम्म छ पटक प्रतिनिधिसभा विघटन भएका छन्। तीमध्ये चार पटकका विघटन बदर र दुई पटकका सदर भएका छन्।

विघटित प्रतिनिधिसभा तीन पटक सर्वोच्च अदालतमार्फत र एक पटक जनआन्दोलनमार्फत पुनःस्थापित भएको संघीय संसद् सचिवालयले जनाएको छ। पहिलो पटक वि.सं २०५१मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटनको सिफारिस गरेका थिए। वि.सं. २०५१ असार २७ गते तत्कालीन राजाबाट सो सिफारिस सदर गरिएको थियो। आर्थिक वर्ष २०५१/०५२ को सरकारको नीति तथा कार्यक्रममाथि छलफल पश्चात् पारित गर्न वि.सं. २०५१ असार २६ गते प्रतिनिधिसभाको बैठक बसेको थियो। सो बैठकमा नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव हुँदा पक्षमा ७४ र विपक्षमा ८६ मत परी अस्वीकृत भएको थियो।

त्यसपछि तत्कालीन प्रधानमन्त्री कोइरालाले पदबाट राजीनामा दिनुका साथै नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा विघटन गरी विसं २०५१ कात्तिक २७ गते आमनिर्वाचनका लागि मिति तोक्न सिफारिस भए बमोजिम

(बाँकी अन्तिम पृष्ठमा)

## अदालतको आदेशका मूख्य पाँचवटा बुँदा यस्ता छन्



**१. प्रतिनिधिसभा विघटन असंवैधानिक**

सर्वोच्च अदालतले पहिलो प्रतिनिधिसभा विघटनजस्तै दोस्रोपटकको विघटनलाई पनि असंवैधानिक ठहर गरेको छ।

अदालतको फैसलामा भनिएको छ- संघीय संसद्को प्रतिनिधिसभाको विवादित विघटन कार्य नेपालको संविधानको धारा ७६ को उपधारा (५) र उपधारा (७) मा रहेको प्रावधान, संविधानले आत्मसात् गरेको लोकतान्त्रिक आदर्श, मूल्य-मान्यता, संविधानवाद तथा संवैधानिक नैतिकता अनुकूल देखिन आएन।

त्यस्तै अदातले पछिल्लो विघटनलाई गत फागुन ११ मा अदालतले गरेको संविधानको व्याख्या र जारी गरिएको आदेशको मर्म अनुकूल पनि नभएको बताएको छ। प्रतिनिधिसभा विघटन कार्यलाई न्यायिक मान्यता प्रदान गर्दा देशको संवैधानिक प्रणालीमा नै नकारात्मक रूपमा गम्भीर असर पर्न जाने देखिएको अदालतको ठहर छ।

**२. राष्ट्रपतिबाट संविधान अनुकूल कार्य भएन**

सर्वोच्चले प्रतिनिधिसभा विघटन गर्न प्रधानमन्त्रीले गरेको सिफारिस अनुसार राष्ट्रपतिले गरेको निर्णयसहित अन्य कार्यहरू संविधान अनुकूल नभएको ठहर गरेको छ। त्यस्तै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री बन्न पेस गरेको दाबी नपुग्ने भनी राष्ट्रपतिले गरेको निर्णयलाई पनि संविधान प्रतिकूल भनेको छ।

सर्वोच्चको आदेशमा भनिएको छ- प्रधानमन्त्री पदमा नियुक्तिका लागि प्रतिनिधिसभाका माननीय सदस्य श्री शेरबहादुर देउवा समेतका १४९ जनाले पेश गर्नु भएको दाबी पुग्न नसक्ने भनी सम्मानीय राष्ट्रपतिबाट मिति २०७८/२/७मा भएको निर्णय संविधान अनुकूल रहेको पाइएन।

अतः सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ मा श्री शेरबहादुर देउवा समेतका १४९ जनाले पेस गर्नु भएको दाबी पुग्न नसक्ने भनी गरिएको निर्णय, सो पश्चात् संघीय संसद्को प्रतिनिधिसभा विघटन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीले मिति २०७८ जेष्ठ ८ गते गर्नु भएको सिफारिस अनुसार राष्ट्रपतिबाट मिति २०७८ जेष्ठ ८ गते भएको प्रतिनिधिसभा विघटन सम्बन्धी निर्णय, सो अनुसार जारी गरिएको सूचना, विज्ञप्ति समेतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुन्छ र परिणामतः विघटित संघीय संसद्को प्रतिनिधिसभाको पुनर्स्थापना हुने ठहर्छ।

**३. मिति तोकेरै प्रतिनिधिसभा अधिवेशन बोलाउन आदेश**

सर्वोच्चले पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बोलाउने समय समेत तोकिदिएको छ। अदालतले आदेश भएको

(बाँकी अन्तिम पृष्ठमा)

## 'राजनीतिक फैसला' गरेको एमाले ओली समूहको निष्कर्ष

**काठमाडौं, असार २८।** प्रतिनिधि सभा पुनःस्थापना गर्दै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेपछि एमाले ओली समूहले संवैधानिक इजलासले राजनीतिक फैसला गरेको निष्कर्ष निकालेको छ।

एमालेका महासचिव ईश्वर पोखरेलले ट्वीट गर्दै अदालतको फैसलाले मुलुकमा राजनीतिक अस्थिरताको बीजारोपण भएको टिप्पणी गरेका छन्। एमाले अध्यक्ष केपी शर्मा ओलीले सोमवारसाँझ स्थायी समिति बैठक बोलाएका छन्। बैठकले अदालतको फैसलापछि कसरी अघि बढ्ने भनेर औपचारिक निर्णय गर्ने प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले बताए। अदालतको फैसला लगत्तै ओली समूहको आपतकालीन बैठक बालुवाटारमा बसेको थियो।

महासचिव पोखरेलले अदालतको आजको फैसलामा असहमति राख्दै यो फैसलामा संलग्न सबै मतियारहरूले जुनसुकै पगडी लगाएपनि इतिहासको कठघरामा उभिनुपर्ने उल्लेख गरेका छन्। प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले भने संवैधानिक इजलासले राजनीतिक फैसला गरेको निष्कर्षमा आफूहरू पुगेको बताए। इजलास गठनमा न्यायाधीशहरू छनौट गरेको बेलादेखि प्रश्न उठेको भन्दै थापाले शेरबहादुर देउवा बाहेकका अन्य रिट निवेदनमा सुनुवाई नभएको टिप्पणी गरेका छन्।

यसबाहेक पनि सोही विषय सम्बन्धमा परेका ३० रिट निवदेनमा सुनुवाई नभएको भन्दै थापाले यो फैसलाको संवैधानिक र कानूनी आधार, स्वतन्त्र न्यायपालिकाको गरिमा र मुलुकको पद्धति भत्काउने र त्यसको जवाफदेही न्यायपालिका हुनुपर्ने उल्लेख गरेका छन्।

'औपचारिक निर्णय स्थायी समिति बैठकबाट

(बाँकी अन्तिम पृष्ठमा)

## देउवा पाँचौं पटक प्रधानमन्त्री बन्दै



**झापा, असार २८।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँचौंपटक देशको प्रधानमन्त्री बन्ने भएका छन्।

सर्वोच्च अदालतको परमादेश जारीपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री बन्ने पक्का भएको हो। सर्वोच्चले प्रधानमन्त्री केपी शर्मा ओलीले जेठ ८ गते दोस्रोपटक गरेको संसद् विघटनलाई बदर गर्दै देउवालाई प्रधानमन्त्री बनाउन परमादेश दिएको हो।

अदालतले नेपालको संविधानको धारा ७६(५) अनुसार देउवालाई दुई दिनभित्र प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको छ। सर्वोच्चले देउवालाई मंगलबार साँझ ५ बजेसम्ममा प्रधानमन्त्री नियुक्त गर्न भनेको छ।

# अर्धनग्न अवस्थामा युवतीको शव फेला

## उच्च अदालतका कर्मचारी मृतावस्थामा

**बिर्तामोड, असार २८।** झापाको बिर्तामोडमा सोमबार बिहान अर्धनग्न अवस्थामा एक युवतीको शव फेला परेपछि प्रहरीले अनुसन्धान शुरु गरेको छ।

बिर्तामोड-५स्थित पूर्व-पश्चिम राजमार्गको सुगम पेट्रोलपम्म उत्तर २५ वर्षीय युवती सृजना बस्नेत अर्धनग्न अवस्थामा मृत फेला परेकी हुन्। महिलाको अर्धनग्न शव भेटिएको घटनामा झापा प्रहरीले तालिम प्राप्त कुकुरको सहायतामा अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ।

सुनसरीको धरानबाट कुकुर ल्याएर अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरी प्रवक्ता डीएसपी राकेश थापाले तालिम प्राप्त कुकुरको सहायतामा घटनाको प्रारम्भिक अनुसन्धान अगाडि बढाइएको बताए।

उनले भने- बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट फरेन्सिक जाँचका लागि तीन जना चिकित्सकको टोली र तालिम प्राप्त कुकुरसहितको टिमले घटनाको अनुसन्धान शुरु गरेको छ। शरीरमा चोटपटक र अर्धनग्न अवस्थामा युवतीको शव फेला परेको डीएसपी थापाले बताए। उनको शव पोर्ष्टमार्टमका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लागिएको इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी सन्तोष आचार्यले जानकारी दिए।


हाल प्रहरीले परिस्थितिजन्य प्रमाण खोज्ने काम गरिरहेको र पोर्ष्टमार्टको रिर्पोट आएपछि अनुसन्धानलाई तीव्र बनाइने डीएसपी थापाले बताए। अनुसन्धानमा प्रहरीले ट्याकर डग 'पिकु' को सहयोग लिएको छ। संघीय प्रहरी इकाई कार्यालय धरानको ट्याकर डग 'पिकु' को सहयोग लिएको हो।

शंकास्पद शव भेटिएको अबस्थामा घटनास्थलको दुई सय मिटर एरिया सुरक्षित बनाउन सके ट्याकर डगले सुराक पत्ता लगाउने सम्भावन उच्च हुन्छ। यो घटनामा परिचालित ट्याकर डग 'पिकु' जर्मन सेफर्ड प्रजातिको कुकुर हो। दुई बर्षको एडभान्स ट्याकर बिधाको तालिम सकेको पिकु बिगत सात महिनादेखि फिल्डमा खटिदै आएकी छ। सात महिनाको समयमा पिकुले प्रहरीलाई कैयौं घटनाको अनुसन्धानमा सघाइसकेको छ। सुँघ्ने क्षमता उच्च रहेको ट्याकर डगले अभियुक्तले छाडेको प्रमाण र सुराकको आधारमा भागेको स्थान ट्याक गरी अभियुक्त पहिचान गर्ने गर्छे।

संघीय प्रहरी इकाई कार्यालय धरानको डग शाखामा अहिले ट्याकर विधामा पिकुसहित

(बाँकी अन्तिम पृष्ठमा)

## महेन्द्रभूषणको निधन



**बिर्तामोड, असार २८।** नेपाली कांग्रेस झापाका आमन्त्रित जिल्ला सदस्य महेन्द्रभूषण साहको हृदयघातका कारण मृत्यु भएको छ।

बिर्तामोड-४ निवासी साहको ५५ वर्षको उमेरमा उपचारको क्रममा बीएण्डसी अस्पताल बिर्तामोडमा निधन भएको बताइएको छ। साह मधेसी जनअधिकार फोरमबाट ०६४ सालको संविधानसभा निर्वाचनमा झापा क्षेत्र नम्बर २बाट चुनाव लडेका थिए।

उनी त्यसबेला फोरमको झापा जिल्ला कोषाध्यक्ष थिए। जयप्रकाश (जे.पी) गुप्ता नेतृत्वको तराई मधेस राष्ट्रिय अभियानको केन्द्रीय सदस्य हुँदै चार वर्ष अघि उनी कांग्रेसमा प्रवेश गरेका थिए। तेली समाज झापाका

(बाँकी अन्तिम पृष्ठमा)


बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ।**

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि। समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

**कर्मचारी आवश्यकता**

**पदः गोदाम प्रबन्धक (१) Warehouse Manager**
कार्य स्थलः बिर्तामोड

**कार्यविवरण**
१. कम्पनीको सम्पूर्ण गोदाम अपरेसनहरूको निरीक्षण गर्नुपर्ने।
२. कम्पनीको गोदाममा रहेको सामानतथा वस्तुहरुको कम्पनी निर्देशन अनुसार सुरक्षित भण्डारण सुनिश्चित गर्नुपर्ने।
३. कम्पनी व्यवस्थापनले निर्देशन गरे अनुसार दैनिक, साप्ताहिक र मासिक आधारमा नियमित रिपोर्ट र तथ्याङ्कहरू बुझाउनु पर्ने।
४. दैनिक आधारमा ईन्भेन्टरी अनुगमन गर्नुपर्ने र सामानको स्टक छ वा छैन चेक-जाँच गरी समयमै अर्डर गर्नुपर्ने।
५. स्टक कन्टौल प्रणाली राख्दै भविष्यको क्षमता र योजना बनाउनुपर्ने।
६. कार्यस्थल र वातावरण सुरक्षित छ वा छैन सुनिश्चित गर्नुपर्ने।

**शैक्षिक योग्यता**
मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनवा सो सरह विषयमान्युनतम स्नातकोत्तर उतिर्ण गरी सम्बन्धित क्षेत्रमा ३ वर्ष माथिको अनुभव भएको

**पदः लेखापाल (१) Accountant**
कार्य स्थलः बिर्तामोड

**कार्यविवरण**
१. ग्राहकहरूको नगद र चेक भुक्तानी रसिद दैनिक आधारमा रेकर्ड गर्नुपर्ने।
२. दैनिक रुपमा भ्याट रजिष्टार अपडेट गर्नुपर्ने।
३. Petty cash ह्यान्डल गरी खर्च रेकर्ड राख्नुपर्ने।

**शैक्षिक योग्यता**
मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनवा सो सरह विषयमा न्यूनतम स्नातक उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा २वर्ष माथिको अनुभव भएको

Saathimart.com अब जमाना स्मार्ट सपिङको
**सम्पर्कः ९८०२०९९९४७, बिर्तामोड, झापा**
Email: hr@saathimart.com

## महेन्द्रभूषणको ...

अध्यक्ष समेत रहेका उनी बिर्तामोड छठ सेवा समाजका सल्लाहकार हुन् ।

जुत्ताचप्पल उत्पादन गर्ने सामग्रीको व्यवसाय गर्दै आएका उनी माँलक्ष्मी बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका ऋण अधिकृत समेत हुन् । उनी झापा घरेलु तथा साना उद्योग संघका वरिष्ठ उपाध्यक्ष समेत थिए । उनकी श्रीमती र तीन छोरी रहेको कांग्रेस झापाका आमन्त्रित जिल्ला सदस्य घनश्याम चौधरीले बताए । उनको सोमवार नै कनकाई घाटमा अन्त्येष्टि गरिएको छ ।

## राजनीतिक ...

आउनेछ । सर्वोच्च अदालतमा परेका सबै रिट निवेदनको सुनुवाइ समेत गरिएको छैन । प्रधानमन्त्रीका लागि शेरबहादुर देउवा बाहेक अरुका दावी नलाग्ने भनेर फैसलामा लेखिएको छ'- थापाले भने- संविधानको व्याख्या गर्नुपर्ने र तद्अनुरूपको फैसला हुनुपर्थ्यो । संविधानको व्याख्यामात्र यसमा छैन । यसले स्थापित बहुदलीय प्रणालीको भविष्यमाथि नै प्रहार गरेको छ । निर्मम फैसला हुँदा पनि हामीले विधिको शासन, स्वतन्त्र न्यायपालिकाको मर्यादालाई संविधानको व्यवस्था अनुरुप स्वीकार गर्ने कुरा मात्र हो ।'

थापाले अदालतले सेटिङमा फैसला दिएको बताए । 'यसमा जो-जो संलग्न छन् र ज-जसले उकासेका छन्, यसका निम्ति भूमिका खेलेका छन् र सेटिङ गरेका छन् जसले फैसला गरेका छन्, त्यसका दूरगामी असर देखिनेछन्'- उनले भने ।

थापाले यो फैसला २०५२ साल भदौ १४मा सर्वोच्च अदालतले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीलाई साथ नदिएको झैं नयाँ संस्करणका रूपमा आएको बताए । २०४८ यता न्यायपालिकाबाट पटक -पटक गलत फैसला भएको उनको भनाइ थियो ।

'मनमोहन अधिकारी या केपी शर्मा ओलीले दुईपटक विघटन गर्दा र शेरबहादुर देउवा र गिरिजाप्रसाद कोइरालाले विघटन गर्दा कुन ग्राउण्डमा उभिएर फैसला गरेको छ भन्ने हेर्दा थाहा भइहाल्छ । यो २०४८ देखि कै निरन्तरता हो । त्यतिबेला अदालतको गलत फैसलाकै कारण २०४७ सालको संविधान संकटमा पुगेको थियो'- थापाले भने- 'यसले संविधानको संरचना हामीले अबलम्बन गरेको प्रणालीलाई संकटमा धकेल्ने काम गरेको छ ।'

थापाले कानूनी राज तथा विधिको शासनमा अदालतको फैसला मान्नुपर्ने भएपनि आजको फैसलामा ९९ प्रतिशत असहमति र खराब पक्ष भएको बताए । उनले आफैले बनाएको संविधानले स्थापित गरेको स्वतन्त्र न्यायपालिका भएकाले फैसला स्वीकार गर्ने बताए । तर, संवैधानिक रूपमा नवस्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संकटतर्फ धकेलेको उनको भनाइ छ ।

## अर्धनग्न ...

लैला नाम गरेको कुकुर कार्यरत छन् । बस्नेतको शवको अनुसन्धानका लागि आएको कुकुर घर बाहिर नगएको जनाइएको छ ।

मृतक बस्नेत बिर्तामोडको एउटा सहकारी संस्थाकी कर्मचारी भएको खुलेको छ । उनलाई कसैले मारेर फालेको हुनसक्ने प्रहरीले आंशका गरेको छ । पछिल्लो समय चोरी, लागूऔषध लगायतका अपराधका घटना बढेको भन्दै बस्नेतको हत्या भएको र हत्यामा संलग्नलाई तत्काल पक्राउ गर्न स्थानीयले माग गर्दै प्रहरीबिरुद्ध नाराबजी गरेका थिए । प्रहरीलाई अनुसन्धानमा बाधा पुर्‍याउन खोजेपछि प्रहरीले सामान्य बल प्रयोग गरेको डीएसपी थापाले बताए ।

उता इलाममा एक महिला मृतावस्थामा फेला परेकी छन् । उच्च अदालत इलाममा कार्यरत बिमलाकुमारी पराजुली मृतावस्थामा फेला परेकी हुन् ।

पराजुली सोमबार बिहान अदालत परिसरभित्र मृतावस्थामा फेला परेको प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । सोलुखुम्बू घर भएकी पराजुली कार्यालय सहयोगी पदमा काम गर्दै आएको बताइएको छ । पराजुलीको मृत्यु कसरी र के कारणले भयो भन्ने अझै पुष्टि हुन सकेको छैन । घटना रहस्यमय भएकाले थप अनुसन्धान भइरहेको श्रेष्ठले बताए ।

## छ पटक विघटन ...

प्रतिनिधिसभा विघटन भएको थियो ।

विसं २०५१ मङ्सीर १३ गते तत्कालीन नेकपा (एमाले) संसदीय दलका नेता मनमोहन अधिकारी सबैभन्दा बढी सदस्य भएको दलको नेताको हैसियतले प्रधानमन्त्रीमा नियुक्त भए । विकसित राजनीतिक घटनाक्रमसँगै विसं २०५२ जेठ २६ गते प्रधानमन्त्री अधिकारीले प्रतिनिधिसभा विघटन गर्न तत्कालीन राजासमक्ष सिफारिस गरेपछि जेठ ३० गते प्रतिनिधिसभा विघटन भएको थियो । तर सर्वोच्च अदालतबाट वि.सं. २०५२ भदौ १२ गते विघटनलाई बदर गरी प्रतिनिधिसभा पुनर्स्थापना गरिएको थियो ।

नेपालमा तेस्रोपटक प्रतिनिधिसभाको बैठक चालू रहेको १५औं अधिवेशनको बीचमै वि.सं. २०५५ माघ १ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा पुन: विघटन गरी विसं २०५६ वैशाख २० गते निर्वाचनको मिति तोक्ने सिफारिस गरेका थिए । सो सिफारिस अनुसार तत्कालीन राजाबाट सोही दिन प्रतिनिधिसभा विघटन भएको थियो । त्यस्तै वि.सं. २०५४ पुस २४ गते तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिनिधिसभा विघटनका लागि तत्कालीन राजा वीरेन्द्र शाहलाई सिफारिस गरेका थिए । राजाले सो सिफारिसलाई कार्यान्वयन नगरी सर्वोच्च अदालतसँग राय माग्दा सर्वोच्चले विघटन नगर्ने राय दिएको थियो । तसर्थ प्रतिनिधि सभा विघटनको सिफारिस भयो तर कार्यान्वयन भएन ।

चौथौपटक वि.सं. २०५९ जेठ ९ गते प्रतिनिधिसभाको बैठक बस्ने गरी संसद्को २२ औं अधिवेशन आव्हान भएकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनका लागि सिफारिस गरेका थिए । निर्वाचनको लागि मिति तोक्न सिफारिस गरेबमोजिम सोही दिन प्रतिनिधिसभा विघटन समेत भएको थियो । विघटन भएको सो प्रतिनिधि सभा जनआन्दोलनको बलले तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट विसं २०६३ वैशाख ११ गते राति ११ बजे पुनर्स्थापना भई २०६३ साल १५ गते बैठक बस्ने गरी मितिसमेत तोकिएको थियो ।

पाँचौं पटक प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को सिफारिससहित नेपालको संविधान बमोजिम र संसदीय प्रणालीको आधारभूत मर्म एवम् अभ्यास बमोजिम भन्दै २०७७ साल पुस ५ गते प्रतिनिधिसभा विघटनको सिफारिस गरे बमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीबाट वर्तमान प्रतिनिधिसभा विघटन गरी वि.सं. २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी मिति समेत तोकिएको थियो । तर, सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा सुनुवाइपछि विघटनलाई असंबैधानिक कदम भन्दै २०७७ साल फागुन ११ गते पुनर्स्थापना गर्ने फैसला गरेको थियो । फैसला सुनाउँदै अदालतले १३ दिनभित्र संसद् अधिवेशन बोलाउन परमादेशसमेत जारी गरेको थियो । अदालतको फैसलापछि फागुन २३ गते पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बसेको थियो ।

छैठौ पटक प्रधानमन्त्री केपी शर्मा ओलीले गत जेठ ८ गते पुन: प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसीर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी सिफारिस गरे अनुसार राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोकेकी थिइन् । सो विघटनका विरुद्धमा परेका विभिन्न निवेदन उपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले संविधानका मूल्य र मान्यता अनुकूल नभएको ठहर गर्दै विघटनको कदमलाई बदर गरिदिएको छ । साथै अदालतले दुईदिनभित्र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेश समेत जारी गरेको छ भने आगामी साउन ३ गते प्रतिनिधिसभाको बैठकले बोलाउन भनेको छ ।

## अदालतको ...

सात दिनभित्र प्रतिधिनिसभाको अधिवेशन बोलाउन आदेश दिएको हो ।

अदालतले दिएको परमादेशमा भनिएको छ- पुनर्स्थापित प्रतिनिधिसभाको अधिवेशन आजका मितिले सात दिनभित्र अर्थात् २०७८ श्रावण ३ गते आइतवार अपरान्ह ५ बजेभित्र प्रारम्भ हुने गरी नेपालको संविधान बमोजिम अधिवेशन आह्वान गरी नियमित रूपमा बैठक बस्ने व्यवस्था तत्काल मिलाउनू भनी प्रत्यार्थीहरूका नाममा परमादेश हुने ठहर्छ ।

**४. मिति तोकेरै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश**

अदालतले समय तोकेरै प्रधानमन्त्रीको दाबी गरेका देउवालाई नियुक्त गर्न परामादेश जारी गरेको छ ।

आदेशमा भनिएको छ- नेपालको संविधान धारा ७६ को उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त नगरेको वा निजले सो प्रक्रिया परित्याग गरेको कारणबाट उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्त हुने अवस्थामा निजले दाबी पेस गर्न नमिल्ने भएकाले तत्काल विश्वासको मत लिन नसक्नु भएका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले धारा (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि गरेको दाबी संविधानसम्मत देखिएन ।

संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि श्री शेरबहादुर देउवाले १४९ जना प्रतिनिधिसभाका सदस्यहरूको समर्थन रहेको भनी गर्नुभएको दावीलाई संविधानको धारा ७६ (५) प्रतिकूल हुने गरी दाब नपुग्ने भनी गरिएको निर्णय उपरोक्त प्रकरण (क) मा उल्लेख भए अनुसार बदर गरिएको छ ।

अब जुन विन्दुबाट संविधानको प्रयोग र पलानामा त्रुटी भएको हो सोही अवस्थाबाट संविधानसम्मत तवरले प्रक्रिया अगाडि बढाउनु मुनासिब हुने देखिन्छ ।

नेपालको संविधानको धारा ७६ को उपधारा ५मा 'कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा' भन्ने वाक्यांश रहेको र सो प्रयोजनका लागि प्रतिनिधिसभा १ सय ४९ जना सदस्यहरू (बहुमत सदस्य) ले समर्थन जनाएको कुरालाई विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको भनी मान्नु पर्याप्त र मनासिब देखिएको हुँदा सोही बमोजिम आजका मितिले दुई दिनभित्र अर्थात् २०७८ साल असार २९ गते मंगलवार अपराह्ण ५ बजेभित्र उपरोक्तअनुसार संविधानसम्मत रूपमा मिति २०७८ साल जेठ ७ गते सम्मानीय राष्ट्रपति समक्ष दाबी पेस गरेका प्रतिनिधिसभाका सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्ति गर्नु र संविधानको धारा ७६ को उपधारा ६ बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पूरा गर्नु/गराउनू भनी प्रत्यर्थी मध्येका राष्ट्रपतिको कार्यालय तथा संघीय संसदको पुनर्स्थापित प्रतिनिधिसभाका नाउँमा परमादेश जारी हुने ठहर्छ ।

**५. धारा ७६ को उपधारा ५ बमोजिम विश्वासको मत दिँदा सांसदलाई दल त्यागसम्बन्धी कारबाही गर्न नपाइने**

अदालतले संविधानको धारा ७६ उपधारा ५ अनुसार प्रधानमन्त्री बन्ने व्यक्तिलाई मत दिएका आधारमा कुनै पनि दलका सांसदलाई दलले कारबाही गर्न नपाउने आदेश दिएको छ ।

अदालतको आदेशमा भनिएको छ- नेपालको संविधानको धारा ७६ को उपधारा ५ बमोजिम प्रधानमन्त्री नियुक्त गर्ने प्रयोजनका लागि विश्वास जनाएको वा समर्थन गरेको कारणबट राजनीतिक दल सम्बन्धी ऐन २०७३ बमोजिम दल त्याग सम्बन्धी कारबाही गर्न नमिल्ने भएकाले उक्त प्रावधान बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका सन्दर्भमा प्रतिनिधिसभाका कुनै सदस्यप्रति विश्वास जनाएको, समर्थन गरेको, आफ्नो अभिमत वा धारणा व्यक्त गरेको वा मतदान गरेको कुरालाई लिएर प्रतिनिधिसभाका कुनै पनि सदस्य उपर दल त्यागसम्बन्धी कारबाही नगर्नु/नगराउनू भनी प्रत्यर्थीहरूका नाउँमा प्रतिषेधको आदेश जारी हुने ठहर छ ।


सस्तोमा जग्गा विक्रीमा

झापाको कनकाई नपा–४ कृषि मार्गस्थित ५० फुटे बाटोमा १०० धुर तथा पर्यटकीय स्थल सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा विक्रीमा छ ।

सम्पर्क: ९८०८४५६५५१



बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्री चुलाचुली डडुई सामुदायिक वन उपभोक्ता समूह
माई नगरपालिका–६, इलामको

काठ लिलाम विक्री सम्बन्धी सूचना

श्री चुलाचुली डडुई सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. ०७४।०७५मा संकलन गरिएको डिभिजन वन कार्यालय इलामको च.नं. ६२१५ मिति २०७५।०३।०७ गतेको लगत प्रमाणित भए अनुसारको लट नं. ३ साल जम्मा क्युफिट ४८६.५७ र लट नं. ४ कुकाठ ३५१.५५ क्यूफिट गोलिया जे–जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम विक्री गर्नुभएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धी कार्य गर्न इच्छुक व्यक्ति, संस्था फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना जानकारी लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

श्री चुलाचुली डडुई सामुदायिक वन उपभोक्ता समूह
माई नगरपालिका–६, इलामको



भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो । आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो ।।

# भावपूर्ण श्रद्धाञ्जली/समवेदना

जन्म: २०२४।०८।१३ स्वर्गारोहण: २०७८।०३।२५



स्व. ज्ञानुराम प्रसाई

झापा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईका पति तथा नेकपा एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष, कुशल राजनीतिकर्मी, सामाजिक व्यक्तित्व, समाजसेवी, कर्मनिष्ठ, प्रखर तथा समाजका होनाहार र जुझारु व्यक्तित्वका धनी **ज्ञानुराम प्रसाई**को सवारी दुर्घटनामा परी अल्पायुमै यही २०७८ असार २५ गते भएको अकल्पनीय, असामयिक निधनले हामीलाई अत्यन्त स्तब्ध, दु:खी एवम् मर्माहत बनाएको छ ।

दु:खको यस क्षणमा गतात्माको बैकुण्ठबास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकको यस पीडादायी क्षणमा रहनुभएका शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भनी पाथीभरा मातासंग प्रार्थना गर्दछौं ।

जगतकुमार राई
अध्यक्ष
हरियाली सा.व.उ.स.
साथै सम्पूर्ण व.स. परिवार

जानुका चौहान
इन्चार्ज
अस्थाई प्रहरी चौकी
साथै प्रहरी चौकी परिवार

बबिन सुवेदी
इन्चार्ज
शहरी स्वास्थ्य केन्द्र
साथै कार्यालय परिवार

साथै २४ वटै टोल विकास संस्था
एवम् सम्पूर्ण वडावासीहरू, वडा नं. ६, बिर्तामोड

राजुजंग कन्दङ्वा
व्यवस्थापन स. अध्यक्ष
सरस्वती मावि

दीपक लुइँटेल
प्रधानाध्यापक

मनिकुमार भट्टराई
पीटीए अध्यक्ष

साथै सम्पूर्ण विद्यालय परिवार

सूर्यप्रसाद कन्दङ्वा: वडा अध्यक्ष
६ नं. वडा कार्यालय

वडा सदस्यहरु: एन्बिन्द्र खत्री, पर्शुराम खनाल, पवित्रा कोइराला ढुंगाना, शोभा विक
रुपमान थलङ: वडा सचिव
कर्मचारीहरु: प्रतिमा कार्की, कमला बास्कोटा ओली, राम विष्ट


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# कसी लाउनु नपर्ने सुन


**शनिश्चरे झापाको परिचय हो । झापा भन्नासाथ भद्रपुरसँग जोडिएर आउने शनिश्चरेलाई समाजका सबै गतिविधिहरूको केन्द्रका रूपमा लिइन्थ्यो । राजनीतिक होस् वा सामाजिक, आर्थिक होस् वा शैक्षिक, व्यापारिक होस् वा व्यावसायिक, साहित्यिक होस् वा सांस्कृतिक, मनोरञ्जन होस् अथवा खेलकुद सबै क्षेत्रमा शनिश्चरेको विशिष्ट चिनारी थियो । तत्कालीन झापाका मुख्य बस्ती अझ उल्लेख गरिएका चिनारीमा दरिन आउने कुनै ठाउँ थिएनन् झापामा । यी र यस्ता सामाजिक क्रियाशीलताका वाहक थिए त्यहाँका अगुवाहरू जसले उचालेका थिए शनिश्चरेलाई । उनीहरूको अग्रसरता बिना कुनै गतिबिधि चलायमान हुन सक्दैन थियो । ती सबै पितृ भइसकेका छन् शायद र आज पनि शनिश्चरेमाथिको आकाशबाट उत्तराधिकारीको भूमिकालाई हेरिरहेका हुन सक्छन् ।**

**आर्थिक क्रियाकलापको केन्द्र शनिश्चरेले पहाड र तराईको समागम गराएर देश विदेशसम्म सेवा पुऱ्याएको थियो । अन्तर्राष्ट्रिय स्तरको फुटबल खेलको आयोजना गरेर खेलकुदको माध्यमबाट पनि परिचय र अवसर प्राप्त गर्न सकिन्छ भन्ने दूरदृष्टि राख्ने साधकहरूको भण्डार थियो यहाँ । रणबहादुर बुढाथोकी, मोहन शिवाकोटी, कमल प्रधान, काशीनाथ, उमाकान्त शिवाकोटी लगायतका प्रतिभाको उत्प्रेरणाले फुटबल क्षेत्रलाई आज पनि सम्मानका साथ सम्झना गरिन्छ । त्यसैगरी शैक्षिक तथा साहित्यिक क्षेत्रका माध्यमबाट सेवा गर्नुहुने शिवप्रसाद दाहाल त्यत्तिकै सम्मानित हुनुहुन्छ । त्यस्तै भौतिक बिकासमा ईँटा जोड्दै पक्की सडकले नयाँ आवादी बिर्तामोड हुँदै सदरमुकाम र राजधानीसँग सम्बन्ध स्थापित गर्न तत्कालीन रापंस केदारमणि ढकाल र बिद्युत् सेवा प्रवाह सञ्चार गर्न सूर्यनाथ बास्तोलाको भूमिका उत्तिकै महत्वपूर्ण रहेको छ । शनिश्चरेलाई औद्योगिक क्षेत्रको रूपमा चिनाउने धर्मप्रसाद ढकाल, रघुवीर बुढाथोकी, हरिबिलाश बन लगायतको योगदान पनि उदाहरणीय छन् ।**

**पछिल्लोकाल शनिश्चरेलाई अर्जुनधाराले विस्थापित गरेको छ यसको मूल चिनारीमा । तर, त्यहाँको स्थानीय सरकारका तर्फबाट शनिश्चरे क्षेत्रको परिचयलाई अझै उजिल्याउन नवीन र प्रशंसायोग्य अग्रसरता देखाएको छ । पछि परिचय बनाएको अर्जुनधारा नगरपालिकाको केन्द्र शनिश्चरेको इतिहास र त्यसका वाहकहरूको स्मरणसहित वंश परम्परा अक्षुण्ण राख्न विशेष योगदान दिनेहरूको सम्मानमा नगरपालिकाले सम्भवतः झापामा पहिलो उत्कृष्ट कर्म गरेको छ । अर्जुनधारा नगरपालिकाको भाषा, कला, संस्कृति र खेलकुद समिति मार्फत त्यहाँ रहेर आ–आफ्ना क्षेत्रका माध्यमबाट उत्कृष्ट योगदान दिने विभिन्न व्यक्तित्वहरूलाई आइतबार सम्मान गरिएको छ । नगरपालिकाबाट संयोजित दीर्घ साहित्य सेवा पुरस्कारबाट सरोज ओलीलाई एकाउन्न हजार नगदसहित सम्मान गरिएको थियो । त्यस्तै खेलकुदतर्फ फुटबल खेलाडी भगीरथ आले 'मामा', एथलेटिक्सतर्फ हेमनारायण चौधरी, करातेका नाराण सुब्बा र तेक्वान्दोतर्फ जीतेन मेचे जनही नगद पन्ध्र हजारसहित सम्मानित भएका छन् ।**

**समाज परिवर्तनका वाहकहरूको योगदान नवपुस्तामा हस्तान्तरण नगरिए इतिहासको संरक्षण हुन सक्दैन । अर्जुनधारा नगरपालिकाले इतिहासको संरक्षण गर्दै उनीहरूप्रति सम्मान र कृतज्ञता अर्पण गरेको छ यो योजनामार्फत् । यस्तो स्तुत्य कर्म गर्ने नगर प्रमुख र उनको टिम प्रशंसायोग्य छन् । अरूप्रति सम्मान गरे मात्र सम्पादित कार्यमार्फत आफूलाई पनि समाजले सम्झन्छ । शनिश्चरेलाई देश र यसको भूगोल बाहिर पनि चिनाउन विभिन्न कालखण्डमा विशिष्ट योगदान दिएका व्यक्तित्वहरू प्रति श्रद्धा र जीवन्त कर्म गर्नेहरूप्रति आभार प्रकट गर्ने नगरपालिकासँगै समितिमा रहेर अनुपम कार्य गर्ने पात्रहरू पनि सम्मानित भएका छन् यो सुकर्मले । अझ स्वनामधन्य पूर्वजहरूकै नामबाट पुरस्कार वितरण गरिए 'सुनमा सुगन्ध' थपिने थियो । आउँदा दिनमा त्यसतर्फ पनि ध्यानाकर्षण भए अभियानले झनै उचाइ लिन सक्ने थियो । जे होस् नमूनायोग्य, उदाहरणीय र अनुकरणीय यो कर्म आफैँमा अकबरी सुन हो जसलाई कसी लाइराख्नु पर्दैन ।**

# आर्थिक क्रान्तिको नारा र संविधानमाथिको प्रश्न



विमल लामिछाने

पछिल्लो चरणमा सबैले भनेको आर्थिक क्रान्तिको मार्गबाट उन्नत भविष्य नै हो । नेपालले आर्थिक समृद्धिको नारासहित समृद्ध मुलुकको सपना देख्न थालेको एक दशक बितिसकेको छ । विशेष गरेर गणतन्त्र स्थापनापछि देखिएको आम चाहना भनेको आर्थिक क्रान्ति र उन्नत भविष्य नै हो । हाम्रा प्राकृतिक स्रोत र मानव संसाधनको उपयोग गर्दा समृद्धि हासिल गर्न कुनै लामो समय पर्खनुपर्ने देखिन्न । तथापि स्रोत आफैंमा आर्थिक विकास होइन, उत्पादनमा त्यसको दिगो उपयोगबाट मात्र त्यस्तो सम्भव हुन्छ । जसका निम्ति अनुसन्धान र विकासमा लगानी गर्नु पहिलो शर्त हुन आउँछ । यहाँ आम समुदाय र मुलुकको चाहनालाई राजनीतिक स्वार्थ र सत्ता समिकरणको खेलमा संघीयता र संविधान माथि हुन थालेको प्रहारबारे बुँदागत रुपमा उठाउने प्रयास गरेको छु ।

**प्रकृतिको 'भर्जिन' श्रोत**

नेपाल लगायत विकासशील राष्ट्रहरुको अर्थतन्त्रको विशेषता भनेको आर्थिक वृद्धिदर दोहोरो अंकमा हासिल गर्न सक्नु हो । यसलाई मध्यनजर गर्दा भएको साधन र स्रोतलाई सही परिचालन गरी विकासमा गुणात्मक सफलता हासिल गर्न सक्नु अहिलेको उद्देश्य हुनुपर्ने हुन्छ । अहिलेसम्म नेपालको प्राकृतिक स्रोत-साधन 'भर्जिन'अवस्थामा रहेकाले गुणात्मक विकास सम्भव छ भन्ने तर्क पनि नआएको होइन । तर, प्रकृतिको भर्जिन श्रोतको सदुपयोग गर्न भने ध्यान नपुगेकै हो । औद्योगिकरण र आर्थिक विकासको सम्बन्ध अत्यन्त घनिष्ठ छ । विश्व परिवेशमा आर्थिक रुपमा सबल मानिएका सबै मुलुक औद्योगिक क्रान्तिका माध्यमबाट नै सफल हुन पुगेका हुन् । नेपालमा औद्योगिक विकास धेरै ढिला शुरु भएको पाइन्छ । सन् १९३६ माऔद्योगिक परिषद् स्थापना भएपछि मात्र औद्योगिक विकासको शुरुवात भएको पाइन्छ । दोस्रो विश्वयुद्धपछि उद्योगहरु बिस्तारै फष्टाउन थाले ।

नेपालमा सार्वजनिक संस्थाको शुरुवात एवम् विकास पनि विकास योजना सँगसँगै भयो । औद्योगिक विकास एवम् उत्पादनमूलक आधार तयार गर्नका लागि सातौं योजनासम्ममा सरकारले ७५ वटा सार्वजनिक स्थानको स्थापना गऱ्यो । जुन उद्देश्यका लागि यी संस्थान स्थापना भएका थिए ती पूरा हुन सकेनन् । सरकारको ठूलो लगानी त्यसै खेर गयो । सन् १९९२ मा सरकारले उदारीकरणको नीति अवलम्बन गरेसँगै यी संस्थान वा उद्योगहरुलाई सुधार गर्ने उद्देश्यले कतिपयलाई निजीकरण त कतिपयलाई एकीकृत र कतिपयलाई भने खारेज गऱ्यो, तर कौडीका भरमा गरिएको निजीकरणले उल्टै ऋणात्मक नतिजा दिन थाले ।

खुला र उदार आर्थिक नीतिसँगै अन्य मुलुकमा जसरी औद्योगिक विकास गर्ने उद्देश्यले औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने, त्यस्तो लगानीबाट प्राप्त आम्दानीलाई पुनः लगानी गर्ने जस्ता योजना ल्याउन नसक्नु अर्को कमजोरी हो । दक्ष जनशक्ति, बजारको क्षेत्र, पूर्वाधार विकास, प्रविधि, नवप्रवर्द्धन गर्ने क्षमता, बजार सञ्जाल जस्ता कुराको कमीले गर्दा वैदेशिक लगानी आकर्षित हुन सकेन ।

**पुँजीवादको नारा र थलिएका उद्योग**

विकासका पक्षधर भनिएका दलहरुले उठाउँदै आएको अर्को नारा हो- औद्योगिक क्रान्ति र पुँजीवाद । मुलुकको कूल ग्राहस्थ उत्पादनमा ठूलो योगदान पुऱ्याउँदै आएका उद्योगहरु र व्यवसाय विगत लामो समयदेखिको राजनीतिक अस्थिरता, नाकाबन्दी र आन्दोलनले थिलथिलो पारेको थियो । केही बचेकाहरु पनि विगत दुई वर्षदेखिको




विश्वमहामारीका रुपमा देखापरेको कोरोना भाइरसले पूर्ण थला पारिदिएको छ । मुलुकको आर्थिक प्रणालीलाई नै तहस-नहस बनाइदिएको छ । यो अवस्थामा औद्योगिक क्रान्ति र पुँजीवादको नाराले कति पूर्णता पाउँदैछ, यो अध्ययनको विषय हो । आर्थिक प्रणालीको विकास विशेषगरी पुँजीवादी र समाजवादी दुईखाले अवधारणाबाट प्रेरित रहन्छ । पुँजीवादी अर्थ व्यवस्थाले समाजमा रहेका प्रभुत्वशाली व्यक्तिहरुको लगानी र पुर्नलगानीलाई प्रोत्साहन गर्छ । आर्थिक विकासमा योगदान गरे पनि कमजोर स्थिति भएका वर्गलाई त्यसले समेट्न सक्दैन । समाजवादी अर्थव्यवस्था अन्तर्गत राज्यको नेतृत्वमा नै सामाजिक, आर्थिक सेवा प्रवाह हुनुपर्छ भन्ने अवधारणा रहन्छ ।

**संघीयता र संविधान माथिको प्रश्न**

विगतलामो समयदेखि नेपाली जनता आफैले संविधान बनाउने सपना त पूरा भयो तर त्यसको कार्यान्वयन र उपलब्धिको पाटो भने अधुरै छ । नयाँ संविधानसँगै देशको एक कालखण्डले बिट मारेको छ । संविधानले दशकको अवधि पच्छ्याइरहँदा संविधानले समेटेका विषयहरु समेत किनारामा नै रहेका छन् । एकातर्फ अधुरो संविधान भनेर उठेको आवाज मत्थर हुन सकेका छैनन् । पाएका अधिकारहरु पनि संस्थागत हुन सकेनन् ।

अर्कोतर्फ हाम्रा पुर्खाले सय वर्ष बढी राणा शासनविरुद्धको आन्दोलन गरे र २००७ सालमा प्रजातन्त्र आयो । त्यसपछिका २०३६, २०४६ को आन्दोलन, २०५२ देखिको दश वर्षे जनयुद्ध हुँदै २०६२/०६३ को आन्दोलन, त्यसपछिका मधेश आन्दोलन लगायत थुप्रै आन्दोलन अधिकार पाउन कै लागि भएका थिए । अहिले पनि बहुमत र अल्पमतको नाममा संविधानलाई लात हान्ने काम भएरहेको छ । पटक-पटक संसद विगठन र संवैधानिक कू भइरहेको छ । अहिलेको परिस्थितिको समाधान जनतालाई निर्णय बिन्दुमा राखेर राजनीतिक तहबाटै हुने हो । यसमा कसैको दुईमत छैन ।

संविधान एउटा गतिशिल किताब हो, जो समय परिस्थिति र जनचाहना अनुसार परिवर्तन गर्न पनि सकिन्छ । तर, परिवर्तनका पक्षधर भनिएका कथित कम्युनिष्ट धारीहरु नै संविधान माथि धारेहात लगाएर भन्दैछन्- संघीयता र धर्म निरपेक्षताको विषय पुर्नविचार गर्नुपर्छ, बहसको विषय बनाइनुपर्छ । यो परिवर्तनका निम्ति लडेका आमजनता माथिको अपमान हो, यो विडम्बना हो । हामीले प्राप्त उपलब्धिलाई संस्थागत गर्नैपर्छ नत्र अवस्था बिग्रदै जाँदा प्राप्त उपलब्धि पनि गुम्ने खतरा नआउला भन्न सकिँदैन । राजनीतिक स्थिरता कायम नगरी समृद्धि हासिल गर्न नसकिने कुरा पछिल्ला घटनाक्रमले प्रमाणित गरिसकेको छ ।

**समृद्धिको नारामा जनताको साथ**

मुलुकको विकास र समृद्धि सबैको चाहनाको विषय थियो । यो नारा चाहे जुन सरकारको पालामा ल्याइएको भए पनि सकारात्मक छ । राम्रोलाई सबैले राम्रो भन्न पनि सक्नुपर्छ । यो नाराले तल्लो स्तरसम्मका जनताका भावना समेट्न सक्छ । तर, विकासलाई समानताका आँखाले हेर्न सक्नुपर्छ, न कि पार्टी र पहुँचका आधारमा होइन । सरकार एवम् राजनीतिक दलले राजनीतिक स्थिरतालाई केन्द्रबिन्दुमा राखेर सार्वजनिक, निजी, साझेदारी नीति अनुसार निजी क्षेत्रलाई विश्वासमा लिई पूर्वाधार विकासलाई जोड दिनुपर्छ । निजी क्षेत्रको व्यवसायिकता, उद्यमशिलता, क्षमता, दक्षता एवम् नवीनतम् प्रविधिलाई मुलुकको सर्वाङ्गिण विकासमा अधिकतम् उपयोग गर्नुपर्ने हो, तर त्यो हुन सकेन ।

**माटो सुहाउँदो लगानी**

भएका स्रोत र साधनलाई सही प्रयोग गरेर मुलुकको समग्र विकास गर्न सकिन्छ । सबैको साझा एजेण्डा र अर्थोपार्जनको संकल्पका साथ लाग्ने हो भने सहज मुलुक बनाउन सकिने कुरामा अझै पनि दुईमत छैन । औद्योगिकरण नभई मुलुकको तीव्र आर्थिक विकास एवम् जीवनशैलीमा परिवर्तन पनि असम्भव हुने भएकाले सरकारले औद्योगिकरणलाई विशेष प्राथमिकतामा राखी अन्य मुलुकबाट पाठ सिक्दै नयाँ नीति-नियम बनाउनुपर्ने आजको टड्कारो आवश्यकता हो ।

भएका साधन र श्रोतहरु जस्तैः माटो सुहाउँदो बाली, एकीकृत बस्ती प्रणाली, नदीबाट उत्पादित बस्तु निर्यात, वनसम्पदाको संरक्षण र वनबाट उत्पादित वस्तुको निर्यात, पर्यटकीय क्षेत्रको पूर्वाधार र विकास आदि । मुलुकलाई औद्योगिक विकासतर्फ लैजान सकेमात्र आर्थिक उन्नतिको ढोका खुल्ने देखिन्छ । अब विगतबाट पाठ सिकेर भविष्यको योजना बनाउन सक्नुपर्छ । सबैको साझा अवधारणा औद्योगिक विकास र अर्थोपार्जनको हुन आवश्यक छ । भनिन्छ, विकासशील राष्ट्र विकसित हुन धेरै समय कुर्नु पर्दैन । कृषिलाई व्यवसायिकरण गर्ने, उत्पादनमुखी उद्योग बढाउने र पर्यटन उद्योगलाई ग्रेटअफ गर्ने हो भने नेपालको अर्थतन्त्र उकासिन धेरै समय कुर्नु पर्दैन । यसका लागि जिम्मेवार राजनीतिक दल र केन्द्रिकृत नेतृत्व एक मात्र शर्त हो ।

bmllamichhane@gmail.com

# ८४ कृषकलाई कृषि यान्त्रीकरण औजार



**भद्रपुर, असार २८ ।** धान र मकै सुपर जोन घोषित झापा जिल्लामा लागत कम गरी उत्पादन वृद्धि गराउने उद्देश्यले कृषि ज्ञान केन्द्र भद्रपुरले ८४ जना कृषकलाई कृषि यान्त्रीकरण औजार वितरण गरेको छ ।

संघीय तथा प्रदेश सरकारको कृषि यान्त्रीकरणका लागि औजार उपकरण, प्रयोग प्रवर्द्धन कार्यक्रम अन्तरगत कृषि ज्ञान केन्द्रले ५० देखि ७५ प्रतिशत अनुदानमा सो औजार सामग्री जिल्लाका एकल कृषक र कृषक समूह गरी ८४ जनालाई वितरण गरेको हो ।

कृषि ज्ञान केन्द्रमा आयोजित एक कार्यक्रमका बीच १ नम्बर प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामबहादुर रानामगरले कृषकलाई सो कृषि यान्त्रीकरण औजार हस्तान्तरण गरेका हुन् । औजार सामग्री वितरण कार्यक्रममा बोल्दै कृषि मन्त्री रानामगरले सरकारले दिएको अनुदान खाने र पचाउने गरेमा कृषि क्षेत्रमा आर्थिक क्रान्ति नआउने बताएका छन् ।

विगतमा पहुँच हुने, झोले कृषक, कर्मचारी चिनजानेका मात्रले अनुदानको सामग्री लाने गरेको गुनासो भोग्नु परेको बताउँदै मन्त्री रानामगरले भने- 'अब सरकारले त्यसलाई सुधार गर्दै लगेको छ, अहिले कृषकको खातामा सोचै सरकारले भुक्तानी पठाउने व्यवस्था मिलाएको छ, कर्मचारीको हातबाट भुक्तानी लिँदा रकम घटने प्रथाको अन्त्य गरेका छौँ ।' -उनले भने- 'हामीले अनुगमन गर्ने क्रममा धेरै ठाउँमा फर्जी कृषक भेटाएका छौं, त्यस्ता कृषकको अनुदान र सहयोग तत्काल रोक्ने व्यवस्था पनि गरेका छौं ।'

अहिले तीनै तहका सरकारले कृषकलाई कृषि क्षेत्रमै आत्मनिर्भर बनाउन अनुदान र सहयोगको व्यवस्था गरेको बताउँदै उनले भने- 'कृषि क्षेत्रमा लाग्ने अहिलेका युवापुस्तालाई सरकारले अवसर दिन खोजिरहेको छ, कृषि क्षेत्रमै लागेर देशमै राम्रो आम्दानी गर्न सकिन्छ ।' सरकारले दिएको अनुदानको सामग्रीलाई सदुपयोग गरी उत्पादन वृद्धि गराउनतर्फ लाग्न कृषकहरूलाई उनले आग्रह पनि गरेका छन् । संघीय सरकारको मकै उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत झापा गाउँपालिकाको मार्सल कृषि सहकारी संस्था र कुमरखोद साना किसान कृषि सहकारी संस्थालाई एक/एक थान मकै डायर मेसिन अनुदानमा उपलब्ध गराएको कृषि ज्ञान केन्द्रका प्रमुख नीलकमल सिंहले जानकारी दिए ।

दुई वटा मेसिन १७ लाख ६५ हजारमा खरिद गरिएकोमा कृषि ज्ञान केन्द्रले सात लाख ५० हजार, झापा गाउँपालिकाले दुई लाख र उपभोक्ताले आठ लाख १५ हजार रकम दिएको उनले बताए । मकै डायर मेसिनले न्यूनतम १० ब्याच प्रतिदिन २५ मेटिक टन मकै सुकाउन सकिन्छ । त्यस्तै प्रदेश सरकारको कृषि यान्त्रीकरण प्रयोग प्रवर्द्धन कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा ९० लाख बजेट विनियोजन गरिएको थियो । विनियोजित रकम मध्येबाट १२ वटा मिनिटिलर, १० वटा अल्टिक्रम थ्रेसर, आठ वटा रोटामटर, २८ वटा पावर टिलर, १३ वटा स्वचालित टिपर, चार वटा मेजर टेलर, दुई वटा डिस्क होरै, एउटा पावर टिलर एटेचमेन्ड रिपर, तीन वटा ब्रस कट्टर र एउटा पावर स्प्रे गरी उक्त सामग्री ७३ लाख ६५ हजार एक सय २५ रुपैयाँमा खरिद गरिएको केन्द्र प्रमुख सिंहले बताए ।

जिल्ला समन्वय समिति झापाका अध्यक्ष तथा जिल्लास्तरीय कृषि समितिका अध्यक्ष सोमनाथ पोर्तेलको अध्यक्षता तथा कृषि मन्त्री रानामगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश सांसदहरु बसन्त बानियाँ, गोपालचन्द्र बुढाथोकी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव निरु दाहाल पाण्डे, कृषि विकास निर्देशनालयका प्रदेश प्रमुख प्रकाशकुमार डाँगी, कुमरखोद साना किसान कृषि सहकारी संस्थाका कल्पना खडका, कृषक युवराज चिमरिया लगायतले बोलेका थिए ।

# सेल्फी खिच्दै गर्दा चट्याङ लागेर ११ जनाको मृत्यु

**झापा, असार २८ ।** भारतको जयपुर सहरमा चट्याङका कारण कम्तीमा ११ जनाको मृत्यु भएको छ ।

पीडितहरूले १२औं शताब्दीमा बनाइएको प्रख्यात पर्यटकीय स्थल आमेर किल्लामा सेल्फी खिचिरहेका बेला घटना भएको बताइएको छ । त्यस ेला किल्ला र आसपासका स्थानमा २७ जना रहेको र ती मध्ये केहीले भुइँमा हाम फालेको बताइएको छ ।

सन् २००४ यता भारतमा चट्याङका कारण दुई हजारभन्दा बढीको मृत्यु भएको छ । एक जना वरिष्ठ प्रहरी अधिकारीले सञ्चारकर्मीहरूलाई बताए अनुसार किल्ला पर्यटकहरू माझ चर्चित छ । उनका अनुसार मृत्यु हुनेमा अधिकांश युवाहरू रहेका छन् ।

राजस्थानका विभिन्न स्थानमा आइतबार नै चट्याङका कारण थप नौ जनाको मृत्यु भएको स्थानीय सञ्चार माध्यमहरूले जनाएका छन् । राजस्थानका मुख्यमन्त्री अशोक गहलौतले मृत्यु हुनेहरूका परिवारलाई क्षतिपूर्ति वापत पाँच लाख रूपैयाँ दिने घोषणा



गरेका छन् ।

भारतको उत्तर प्रदेश राज्यमा पनि चट्याङ लागेर २८ जनाको मृत्यु भएको बीबीसीले जनाएको छ । ती मध्ये १३ जनाको मृत्यु प्रयागराज भनिने स्थानमा भएको बताइएको छ । तीव्र वर्षा हुने भारतको मनसुन सामान्यता जून महिनादेखि सेप्टेम्बर महिनासम्म कायम रहन्छ ।

भारतको मौसम सम्बन्धी विषय हेर्ने निकाय इण्डिएन मेटेरोलोजिकल डिपार्टमेन्टले जलवायु सङ्कट लगायतका विषयका कारण सन् १९६० यता भारतमा चट्याङका कारण ज्यान गुमाउनेहरूको संख्या दोब्बर भएको जनाएको छ । त्यस्तै १९९० को शुरुवातदेखि मध्यतिरसम्म चट्याङका घटनाहरूमा पनि ३० देखि ४० प्रतिशत वृद्धि भएको बताइएको छ ।

सन् २०१८ मा भारतको दक्षिणीपूर्वी राज्य आन्ध्र प्रदेशमा मात्र १३ घण्टामा चट्याङका ३६ हजार सात सय ४९ घटना रेकर्ड भएको प्रकाशमा आएको छ । अधिकारीहरूका अनुसार त्यस्ता घटनाहरू रूखहरूको संख्या कम रहेको क्षेत्रमा बढी हुने पाइएको छ ।

# अलपत्र किशोरीको उद्धार



□ छवि ढकाल

**पथरीशनिश्चरे, असार २८।** पूर्वी मोरङको पथरीशनिश्चरे नगरपालिका वडा नं. ७ स्थित किर्तिपुरमा विगत तीन वर्षदेखि अलपत्र अवस्थामा रहेकी एक किशोरीको आइतबार नगरपालिका कार्यालयले उद्धार गरेको छ ।

न्यायिक समिति संयोजक समेत रहेकी नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोला, महिला तथा बालबालिका शाखा प्रमुख गीता कट्टेलसहितको टोलीले १६ वर्षीया किशोरीको उद्धार गरेको हो । किशोरीको नगर अस्पताल र मोरङ अस्पतालमा एक्स-रे तथा सामान्य उपचारपछि नगरको एम्बुलेन्स मार्फत ओरेक विराटनगरमा थप उपचारसहित संरक्षणका लागि पठाइएको छ नगरका सञ्चार संयोजक भूपेन्द्र तिम्सिनाले बताएका छन् ।

लामो समयदेखि भारतको नयाँदिल्लीमा मजदुरका रूपमा काम गर्ने उनका बुवा अर्जुन थापालाई प्रहरीले पक्राउ गरी भारततर्फ लगेको र उनकी सानीआमाले समेत अर्कोसँग विवाह गरेपछि बेसहारा बनेकी ती किशोरी विगत तीन वर्ष अघिदेखि स्थानीय बमत लिम्बूको घरमा सहारा लिएर बस्दै आएकी थिइन् । ती लिम्बूको घरमा सहारा लिनुअघि उनीमाथि बालविवाह गर्ने दुष्प्रयास भएको बताइएको छ ।

त्यसैगरी, एक साताअघि मात्रै नगरपालिकाले वडा नम्बर २ स्थित लिची डाँडामा हिंसापीडित महिला र उनकी छोरीको उद्धार गरी संरक्षण तथा उपचारका लागि माइती नेपाल विराटनगरमा पठाइएको थियो ।

# विपद् व्यवस्थापनका लागि जग्गाको अनुगमन



**बिर्तामोड, असार २८।** प्रदेश सहयोग विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत अर्जुनधारा-११ मा योजनाका लागि स्थलगत जमिनको अनुगमन भएको छ ।

विपद्को समय नागरिकलाई तुरुन्त सेवा दिनका लागि एकै स्थान रहने गरी एम्बुलेन्स, शब बाहन, दमकल, पानी पोखरी, सशत्र प्रहरी ब्यारेक, हेलिप्याड लगायतको व्यवस्थापनका लागि अर्जुनधारा, कन्काई, बिर्तामोड र मेचीनगरको सहकार्यमा स्वीस सरकार विकास सहयोग एसडीसीको आर्थिक सहयोगमा १० देखि १५ कट्ठा जमिनमा करिब आठदेखि १० करोडको लगानीमा बन्ने कार्यक्रम प्रमुख बिष्णु पुरीले बताए । जमिनको व्यवस्थापन भए डीपीआर तुरुन्तै तयार गरी काम अघि बढ्ने नगरप्रमुख हरिकुमार रानाले बताए ।

प्रदेश १ का आन्तरिक मामिल तथा कानून मन्त्री हिक्मतकुमार कार्की, बिर्तामोड नगर प्रमुख ध्रुवकुमार शिवाकोटी, कन्काई नगर प्रमुख राजेन्द्र पोखेल, प्रतिनिधि सभा सदस्य बिर्खबहादुर प्रधान, वडाध्यक्ष भैरबबहादुर खड्का लगायतले स्थलगतरुपमा जग्गाको अनुगमन गरेका थिए ।


## पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।
सम्पर्क : ९८१४९६३४८८

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'




सम्पर्कः ०२३–५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा



बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## कर्मचारी आवश्यकता

यस कार्यालयलाई केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

पद : अफिस कर्मचारी
संख्या : केही
तलब : १५,०००।-
योग्यता : SEE वा +2 सो सरह
कागजात : शैक्षिक योग्यता, प्रमाणपत्र, नागरिकता, pp साइज फोटो
सम्पर्कः ९८६६६७२५७९, ९८२५३५८७९६
बिर्तामोड–५, शनिश्चरेरोड

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६–९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)


यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झर्‍यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीवाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जली/समवेदना







जन्म
२०२४।०८।१३

स्वर्गारोहण
२०७८।०३।२५

## स्व. ज्ञानुराम प्रसाई

नेकपा (एमाले) बिर्तामोड नगर कमिटी अध्यक्ष, कुशल राजनीतिकर्मी, सामाजिक व्यक्तित्व **ज्ञानुराम प्रसाई**को यही २०७८ असार २५ गते शुक्रबार भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त स्तब्ध, दुःखी एवम् मर्माहत बनाएको छ । दुःखको यस क्षणमा गतात्माको बैकुण्ठबास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस पीडादायी क्षणमा रहनुभएकी धर्मपत्नी पवित्रा महतरा प्रसाई, छोरा प्रवेश प्रसाई, छोरी प्रज्ञा प्रसाई लगायत शोक सन्तप्त प्रसाई परिवारमा शोक सहन गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोकबन्धु कन्दङ्वा । पवनकुमार विन्दल (पप्पु) । गोपीचन्द्र गिरी**

**बिर्तामोड, झापा**



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । लगानीतर्फ लागत बढ्नेछ । पछिका लागि गरिएको मेहनत र लगानीले अवश्यै फाइदा दिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिस्पर्धीहरूबाट सावधान रहनुहोला । उद्योग र कृषिमा केही समस्या देखापर्न सक्छन् । तापनि समयमा गरिएका कर्मको उचित प्रतिफल पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले उत्साह जगाउनेछ, व्यापारमा फाइद हुनेछ । काम पूरा नभए पनि आंशिक सफलता मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** लगनशील बन्न नसक्ता अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । अरूको विषयमा चासो राख्दा विवादमा परिने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हात पार्न सफल भइनेछ । धैर्य एवम् लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कामको मेसो नमिल्दा व्यवहारमा [redacted] लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य [redacted]

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अध्ययनमा बाधा हुनेछ भने लक्ष्य प्राप्त ग[redacted] लाग्नेछ । बेसुरमा बचन दिने बानीले सम[redacted] निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि,** [redacted] सहयोगीहरू टाढिए पनि लगनशीलताले क[redacted] विगतको श्रमबाट सामान्य लाभ हुनेछ । त[redacted] आलोचकहरूले सताउन सक्छन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** [redacted] बोली-व्यवहारमा संयम रहनुहोला । हल्ला[redacted] पर्दा दुःख पाइनेछ । विछोडिएका परिवारज[redacted] ट हुनेछ ।

[redacted] **(भो, ज, जि, खि, खु, खे, खो, गा** [redacted] फाइदा उठाउन भने नसकिएला [redacted] समयमा अलमल्याउन सक्छन् ।

[redacted] **(गु, गे, गो, सा, सि, सु, से, सो,** [redacted] क मोडमा दुविधा उत्पन्न हुने हुँदा [redacted] ा अपनाउनुहोला । योजनाको काम[redacted]

[redacted] **(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** [redacted] ारसँग असमझदारी बढ्न सक्छ । [redacted] गाँस्नेहरूसँग सावधान रहनुहोला [redacted]